वैठक नं १०९

**आज मिति २०८२ मंसिर महिनाको ०४ गते नेपाल सम्वत ११४६ कछलागा आमै विहिबारको विहान ११ बजे पालुङटार नगरपालिकाका नगर प्रमुख श्री बिवस चिन्तनज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकमा निम्न व्यक्तिहरुको उपस्थितिमा निम्न निर्णय भई सम्पन्न भयो ।**

| सि.नं. | नाम थर | पद | वडा नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | विवस चिन्तन | नगर प्रमुख | पालुङटार ४ गोरखा | |
| २ | बन्दना पाण्डे | उप प्रमुख | पालुङटार ६ गोरखा | |
| ३ | कृष्ण बहादुर परियार | वडा अध्यक्ष | पालुङटार १ गोरखा | |
| ४ | कृष्ण बहादुर थापा मगर | वडा अध्यक्ष | पालुङटार २ गोरखा | |
| ५ | रबिन्द अधिकारी | वडा अध्यक्ष | पालुङटार ३ गोरखा | |
| ६ | मान बहादुर पौडेल | वडा अध्यक्ष | पालुङटार ४ गोरखा | |
| ७ | दीपक पाण्डे | वडा अध्यक्ष | पालुङटार ५ गोरखा | |
| ८ | चेत बहादुर गुरुङ | वडा अध्यक्ष | पालुङटार ६ गोरखा | |
| ९ | अर्जुन बहादुर कुमाल | वडा अध्यक्ष | पालुङटार ७ गोरखा | |
| १० | होप बहादुर नेपाली | वडा अध्यक्ष | पालुङटार ८ गोरखा | |

| | | | | |
|---|---|---|---|---|
| ११ | भेज राज पाण्डे | वडा अध्यक्ष | पालुङटार ९ गोरखा | (signature) |
| १२ | रिखिराज धौराली | वडा अध्यक्ष | पालुङटार १० गोरखा | (signature) |
| १३ | मनिका अधिकारी लिम्बु | कार्यपालिका सदस्य | पालुङटार २ गोरखा | |
| १४ | पार्वती नेपाली | कार्यपालिका सदस्य | पालुङटार २ गोरखा | (signature) |
| १५ | मिना सुनार | कार्यपालिका सदस्य | पालुङटार ४ गोरखा | (signature) |
| १६ | हर्क बहादुर नेपाली | कार्यपालिका सदस्य | पालुङटार ५ गोरखा | (signature) |
| १७ | पम्फा वि.क. सुनार | कार्यपालिका सदस्य | पालुङटार ७ गोरखा | |
| १८ | अर्जुन वि.क. | कार्यपालिका सदस्य | पालुङटार ८ गोरखा | (signature) |
| १९ | मिन माया लामा | कार्यपालिका सदस्य | पालुङटार ९ गोरखा | |
| २० | देवि माया योगी | कार्यपालिका सदस्य | पालुङटार १० गोरखा | (signature) |
| २१ | शेर बहादुर वि.सी | सदस्य सचिव | | (signature) |

**कर्मचारीहरु**

| | | | | |
|---|---|---|---|---|
| १ | धनेन्द्र श्रेष्ठ | योजना शाखा | | (signature) |
| २ | राम जनम चौधरी | | | (signature) |

# पालुङटार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङटार, गोरखा
### गण्डकी प्रदेश, नेपाल

पालुङटार नगरपालिका, नगर कार्यपालिकाको बैठकको निर्णयहरु

बैठक नं- १०९ मितिः २०८२-०८-०४

| विषयगत क्षेत्र | प्रस्ताव | निर्णय |
|---|---|---|
| सुशासन तथा संस्थागत विकास | अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा । | यस नगरपालिका नगर कार्यपालिकाको १०८ औं बैठकमा छलफल भई भएको निर्णयहरुको कार्यान्वयन सम्वन्धमा छलफल भयो । साथै सो बैठक देखि हाल सम्म नगरपालिका/ वडा कार्यालयबाट भएको कार्यहरुको समिक्षा गरियो । |
| सामाजिक विकास क्षेत्र | नगर उप प्रमुख अति विपन्न अभिभावक विहिन बालबालिका शैक्षिक सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधिको नाम संशोधन गर्ने सम्वन्धमा । | नगर उप प्रमुख अति विपन्न अभिभावक विहिन बालबालिका शैक्षिक सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधिको नामलाई परिवर्तन गरि अति विपन्न अभिभावक विहिन बालबालिका शैक्षिक सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि कायम गर्ने निर्णय गरियो । |
| सामाजिक विकास क्षेत्र | नगर प्रमुख प्राविधिक शिक्षा छात्रवृत्री कार्यक्रम संचालन कार्यविधिको नाम संशोधन गर्ने सम्वन्धमा । | नगर प्रमुख प्राविधिक शिक्षा छात्रवृत्री कार्यक्रम संचालन कार्यविधिको नाम संशोधन गरि प्राविधिक शिक्षा छात्रवृत्री कार्यक्रम संचालन कार्यविधि कायम गर्ने । |
| सामाजिक विकास क्षेत्र | नगर शिक्षा योजना निर्माण समिति गठन गर्ने सम्वन्धमा । | यस नगरपालिकाको नगर शिक्षा योजना तर्जुमा गर्नु पर्ने भएकोले सो तर्जुमा गर्नमा लागि तपसिल बमोजिमको नगर शिक्षा योजना निर्माण समिति गठन गर्ने निर्णय गरियो ।<br>संयोजक- नगर प्रमुख<br>सदस्य- नगर उप प्रमुख<br>सदस्य- प्रमुख प्रशासकीय अधिकृत<br>सदस्य- संयोजक, सामाजिक विकास समिति<br>सदस्य- ५ नं वडा अध्यक्ष दिपक पाण्डे ।<br>सदस्य- कार्यपालिका सदस्य मिना सुनार<br>सदस्य सचिव- प्रमुख शिक्षा युवा तथा खेलकुद शाखा |
| सुशासन तथा संस्थागत विकास | कर्मचारीहरुलाई सवारी इन्धन तथा मर्मत सुविधा सम्बन्धी मापदण्ड, २०८१ संसोधन सम्वन्धमा । | पालुङटार नगरसभाको १७ औ अधिवेशनबाट पारित भएको कर्मचारीहरुलाई सवारी इन्धन तथा मर्मत सुविधा सम्बन्धी मापदण्ड, २०८१ को कार्यान्वयन गर्दा केही |

पालुङटार नगरपालिका नगर कार्यपालिकाको कार्यालय पालुङटार, गोरखा गण्डकी प्रदेश, नेपाल २०७३

शेर बहादुर बि.सी
प्रमुख प्रशासकीय अधिकृत

विवस चिन्तन
नगर प्रमुख

| | | |
|---|---|---|
| | | प्रावधान बाँझिएको र अस्पष्ट रहेकोले सोको संसोधनका लागि विधायन समितिमा पठाउने । उक्त मापदण्ड संशोधन पश्चात सोही अनुसार हुने गरी हाललाई शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख उपसचिवलाई २० लि नगरपालिका केन्द्रमा बस्ने ईन्जिनियर प्राविधिकहरुलाई २० लि. र वडा हेर्ने प्राविधिकलाई (ईलेक्ट्रोनिस प्राविधिक सहित) १५ लि र अन्यको हकमा १० लि सवारी साधन ईन्धन उपलब्ध गराउने साथै मर्मतका लागि सरकारी सवारी साधनको हकमा मर्मत आदेश बमोजिम र निजी सवारी साधनको हकमा ३ महिनाको २५०० अक्षरुपी पचिस सय मात्र उपलब्ध गराउने निर्णय गरियो । |
| सुशासन तथा संस्थागत विकास | सामाजिक सुरक्षा कोष संचालन कार्यविधि/ प्राविधिकहरुलाई जोखिम भत्ता उपलब्ध गराउने कार्यविधि निर्माणका लागि सहमति प्रद्धान गर्ने सम्वन्धमा । | यस नगरपालिकाको १७ औ नगर सभाबाट करारमा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्धका लागि रकम विनियोजन भएको साथै ईन्जिनियरिङ प्राविधिकहरुलाई जोखिम भत्ता उपलब्ध गराउन रकम विनियोजन भएकोमा सोको कार्यान्वयन प्रयोजनार्थ कार्यविधि तर्जुमा गर्नका लागि सौद्धान्तिक सहमति दिने निर्णय गरियो । |
| राजश्व परामर्श समिति | नदिजन्य निर्माण सामाग्री उत्खनन् र उपयोग सम्वन्धमा । | गण्डकी प्रदेश सरकारको आर्थिक ऐन, २०८२ को प्रावधान बमोजिम निजी जग्गामा रहेको नदि जन्य निर्माण सामाग्री उत्खनन् गर्न कार्यपालिकाको निर्णय आवश्यक पर्ने हुदाँ यस कार्यालयमा सो ऐनको अनुसूची ७ को ५ (क) (ख) मा उल्लेखित कागजपत्र सहित पेश हुन आएको निवेदकहरुलाई पालुङटार नगरपालिकाको आर्थिक ऐन, २०८२ बमोजिमको दस्तुर तिरी उत्खनन् र बिक्रीको अनुमति दिने निर्णय गरियो । साथै नेपाल सरकार/ प्रदेश सरकार तथा स्थानीय सरकारको प्राथमिकता प्राप्त योजना राष्ट्रिय गौरवको योजनाहरुलाई भएको विशेष व्यवस्था बमोजिम सम्वन्धी व्यवसायी र कार्यालयको निवेदन अनुसार नदिजन्य निर्माण सामाग्री उपलब्ध गराउने निर्णय गरियो । |
| आर्थिक विकास क्षेत्र | तथ्याङ्क अद्यावधिक कार्यक्रमका लागि खटिने प्राविधिकहरूको सेवा सुविधा सम्बन्धमा। | नेपाल सरकारबाट यस पालुङटार नगरपालिकामा शसर्त अनुदान अन्तर्गत वित्तीय हस्तान्तरण भई कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क अद्यावधिक कार्यक्रम अनुसार यस पालुङटार नगरपालिका अन्तर्गत ७ वटा वडामा जम्मा १५१६ घरधुरीको सर्वेक्षण गरी यथार्थपरक तथ्याङ्कको नियमित अद्यावधिक गर्न कर्मचारी खटाउने र तथ्याङ्क सङ्कलन गर्दा प्रति दिन तथ्याङ्क सङ्कलन तथा |

पालुङटार नगरपालिका नगर कार्यपालिकाको कार्यालय पालुङटार, गोरखा गण्डकी प्रदेश, नेपाल २०७३

शेर बहादुर बि.सी
प्रमुख प्रशासकीय अधिकृत

विवस चिन्तन
नगर प्रमुख

| | | |
|---|---|---|
| | | सुपरिवेक्षणमा खटिजाने कर्मचारीलाई रु. ६०० (अक्षरूपी छ सय मात्र) यातायात खर्च निर्धारण गर्ने निर्णय गरियो । |
| सामाजिक विकास क्षेत्र | जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ पारित गर्ने सम्वन्धमा । | पालुङटार नगरपालिकाको आ.व २०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि कार्यक्रमको मोडालिटीमा हेरफेर गरि प्रभावकारी र व्यवस्थित रुपले सञ्चालन गर्न आवश्यक देखिएकोले जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ पारित गर्ने निर्णय गरियो । |
| सामाजिक विकास क्षेत्र | कार्यालयको नामाकरण गर्ने सम्वन्धमा । | यस नगरपालिकाको वडा नं ६ स्थित भोटेकाटेमा निर्माण सम्पन्न भएको स्वास्थ्य कार्यालयको भवनबाट सेवा प्रवाहको कार्य शुरु भएको र उक्त कार्यालयको नामाकरण गर्नु पर्ने भएकोले उक्त कार्यालयको नाम गाईखुर स्वास्थ्य चौकी, पा.न.पा-६ गोरखा रहने र साविक कार्यालय भएको स्थानबाट समेत सेवा प्रवाहलाई निरन्तरता दिदै उक्त कार्यालयको नाम गाईखुर शहरी स्वास्थ्य केन्द्र, पा.न.पा-६ गोरखा रहने निर्णय गरियो । |
| विविध | रकम विनियोजन गर्ने सम्वन्धमा । | १७ औ नगरसभाबाट विनियोजना भएको क्र.स ५१ खर्च शिर्षक २२५२२ को जात्रा मेला महोत्सव संरक्षण तथा प्रवर्धन शिर्षकमा विनियोजन भएको रकम रु १०००००० अक्षरुपी दश लाखबाट कला संस्कृतिको संरक्षण गर्ने कार्यक्रम गरे बापत श्री राज निजानन्द प्राणनाथ जी मन्दिरको स्वर्ण महोत्सव आयोजक समितिलाई १,५०,०००।- अक्षरुपी (एक लाख पचास हजार) उपलब्ध गराउने । साथै क्र.स ३८ खर्च शिर्षक २२५१२ को परम्परागत कला, सस्कृति तथा सिप विकास शिर्षकमा विनियोजन भएको रकमबाट आदर्श टोल विकास संस्थाले कला सस्कृति जगेर्ना गर्न रोटेपिङ निर्माणका लागि रु १,४०,०००।– (अक्षरुपी रु एक लाख चालिस हजार) मात्र उपलब्ध गराउने निर्णय गरियो । |
| विविध | सार्वजनिक सम्पतीको संरक्षण गर्ने सम्वन्धमा । | पालुङटार नगरपालिका भित्र रहेको सार्वजनिक सम्पतीको संरक्षण गर्न स्थानीय तहको दाहित्वलाई आत्मसाथ गर्दै गठन भएको सार्वजनिक सम्पती संरक्षण समितिको बैठकले निर्णय गरि कार्यपालिका बैठकमा पेश गरे बमोजिमका कार्यहरु सम्पन्न गर्ने निर्णय गरियो । सो |

पालुङटार नगरपालिका नगर कार्यपालिकाको कार्यालय पालुङटार, गोरखा गण्डकी प्रदेश, नेपाल २०७३

शेर बहादुर बि.सी प्रमुख प्रशासकीय अधिकृत

विवस चिन्तन नगर प्रमुख

| | | |
|---|---|---|
| | | कार्यको शुभारम्भको रुपमा पालुङटार नगरपालिका वडा नं ४ स्थित मध्यपहाडी मार्गमा मापदण्ड भित्र पर्ने भवनहरु हटाएर गर्ने निर्णय गरियो । साथै सार्वजनिक सम्पतीको संरक्षणका लागि समिति मार्फत श्रमदान परिचालनका लागि उपसमिति गठन गरी कार्य गर्ने निर्णय गरियो । |
| सुशासन विकास समिति | सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने सम्बन्धमा । | सार्वजनिक सेवा प्रवाहमा नागरिकको सहभागीता वृद्धि गर्दै सुशासन कायम गर्न प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई गर्नु पर्ने व्यवस्था भएकोले आर्थिक बर्ष २०८२-८३ को प्रथम चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम पालुङटार नगरपालिका वडा नं ४ मा गर्ने निर्णय गरियो । |
| विविध | नगर गान निर्माणका लागि सूचना प्रकासन गर्ने सम्वन्धमा । | नगरपालिका पहिचान अभिवृद्धि गर्दै यहाँ रहेको प्राकृतिक तथा सामाजिक, साँस्कृतिक सम्पतिहरुको विकास, प्रचारप्रसार गर्दै गौरव बढाउनका लागि नगर गान निर्माण गर्ने र सो निर्माण गर्न राष्ट्रिय स्तरमा सूचना प्रकासन गर्ने निर्णय गरियो । |
| सामाजिक विकास समिति | आँखा शिवर संचालन गर्ने सम्वन्धमा । | नगरवासीलाई प्रवधार्नात्मक उपचारात्मक स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि आपँपपिपल अस्पतालसँगको सहकार्यमा नेपाल आँखा अस्पताल त्रिपुरेश्वरको प्राविधिक सहयोगमा आँखा शिवर आयोजना गर्ने निर्णय गरियो । उक्त शिविरमा लाग्ने विविध खर्च यस नगरपालिकाको विविध खर्च शिर्षकबाट खर्च हुने गरी रु ७५०००।– अक्षरुपी पचहत्तर हजार उपलब्ध गराउने निर्णय गरियो । |
| विविध | आ.व २०८०-८१ को अन्तिम लेखा परिक्षण सम्वन्धमा । | पालुङटार नगरपालिकाको आर्थिक बर्ष २०८०-८१को अन्तिम लेखा परिक्षणको क्रममा नगरपालिकाको प्रशासकीय भवनको interior र lift निर्माण कार्य ठेक्का नं ०४-०७७/०७८ का निर्माण व्यवसायी मेघा निर्माण सेवालाई अन्तिम भुक्तानी दिदा नियमअनुसार घटि गर्नु पर्ने रकम घटि नगरेको भनी असुल गर्नु पर्ने वेरुजु देखिएकोमा मिति २०८२-०६-०१ को लेखा समितिको बैठकमा अध्यायन गर्दा उक्त बढी भुक्तानी भएको नदेखिएकोले उक्त वेरुजु सम्परिक्षणका लागि आवश्यक निर्णय गरि निज फर्मले विभिन्न समयमा माग गरेको धरौटी रकम महालेखा परिक्षकको कार्यालयबाट |

पालुङटार नगरपालिका नगर कार्यपालिकाको कार्यालय पालुङटार, गोरखा गण्डकी प्रदेश, नेपाल २०७३

शेर बहादुर बि.सी
प्रमुख प्रशासकीय अधिकृत

विवस चित्तन
नगर प्रमुख

| | | |
|---|---|---|
| | | सम्परिक्षण नभएमा असुर उपर गर्ने शर्तमा फर्ता दिन निर्णय भए बमोजिम लेखा समितिको उक्त निर्णयलाई स्वीकृत गर्ने गरियो। |
| विविध | पारिश्रमिक उपलब्ध गराउने सम्वन्धमा। | पालुङटार नगरपालिका कार्यालयमा राष्ट्रिय परिचय पत्र निर्माण कार्यका लागि पञ्जिकरण विभाग कार्यलय तथा यस नगरपालिका कार्यालयबाट खटिने कर्मचारीहरुलाई निजको तह/स्तर बमोजिमको तलब स्केलको १५ दिनको पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो। |

पालुङटार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पालुङटार, गोरखा
गण्डकी प्रदेश, नेपाल
२०७३

शेर बहादुर बि.सी
प्रमुख प्रशासकीय अधिकृत

विवस चिन्तन
नगर प्रमुख